का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ८२
- २६ बैशाख २०७७, शुक्रबार
- 8 May 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेटः बिहीबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ९९ जना | २२ जना | १४५०९ | १३३ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ३८ लाख ४९ हजार | १३ लाख १७ हजार | दुई लाख ६६ हजार | २२ लाख ६६ हजार |



पोखरा-१० रामघाटस्थित बौद्ध अर्घौं सदनमा बिहीबार बुद्धजयन्तीका अवसरमा शंखध्वनिका साथ बुद्धपूजा गरिँदै । *तस्वीरः राधिका कँडेल/रासस*

# बिराएको बाटो

**कोभिड–१९ को विश्वव्यापी महामारीले नेपालको अर्थतन्त्र समेत नराम्रोगरी प्रभावित बन्ने प्रक्षेपण भइरहेका बेला सरकारले बजेट ल्याउँदैछ । महामारीबाट थिलथिलो बन्न पुगेको अर्थतन्त्रबारे छलफल नगरी सत्तारुढ नेकपा भने आन्तरिक कलहमा उस्तै नराम्रोगरी फस्न पुगेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ वैशाख ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र कलह चुलिँदै गर्दा सरकारले नीति तथा कार्यक्रमको मिति तय गरेको छ । बिहीबारबाट बोलाइएको बजेट अधिवेशनबाट राष्ट्रपति विद्यादेवी भण्डारीले जेठ २ गते सरकारको नीति तथा कार्यक्रम संघीय संसदको संयुक्त सदनमा पेश गर्ने तयारी भएको छ ।

तर, सत्तारुढ नेकपाका शीर्ष नेताहरु नै आरोप-प्रत्यारोपमा उत्रिएका छन् । कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल र बरिष्ठ नेता माधवकुमार नेपाल पक्षका २० जना स्थायी कमिटीका सदस्यहरुले त बुधबार भेला नै आयोजना गरेका छन् ।

### स्थायी कमिटीको माग

पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा भएको भेलाले तत्काल स्थायी कमिटी बैठक बोलाउन माग गरेका छन् । स्थायी कमिटी सदस्य युवराज ज्ञवालीले पार्टी र सरकारका काम कार्बाहीबारे समीक्षा गर्न बैठक बस्नुपर्ने भएकाले भेला आयोजना गरिएको बताए । भुसालका अनुसार, स्थायी कमिटी बैठक बोलाउनुको विकल्प नभएकाले यसबारे नेतृत्वको ध्यानाकर्षण गराउन भेला राखिएको हो ।

प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओली पक्ष नेताहरु भने स्थायी कमिटी बैठकको आवश्यकता नरहेको बताउँदै आएका छन् । नीति तथा कार्यक्रम र बजेटबारे छलफल गर्नुपर्ने भएकाले तत्काल स्थायी कमिटी संभव नरहेको उनीहरुले तर्क गर्दै आएका छन् । २० वैशाखमा बसेको स्थायी कमिटी बैठकले बिहीबार स्थायी कमिटी बैठक बस्ने निर्णय गरेको थियो । त्यसको तयारी गर्न बुधबार सचिवालय बैठक बोलाइएको थियो । सरकारले विवादित अध्यादेश ल्याएपछि १० वैशाखमा पनि यी नेताहरुले बैठकको माग गरेका थिए । अनिश्चित बनेको स्थायी कमिटी बैठक बोलाउन ओली इतर नेताहरुले सचिवालयको समेत ध्यानाकर्षण गराउने निर्णय गरेको छ ।

### गृहकार्य पुगेनः प्रचण्ड

नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले स्थायी कमिटी बैठक स्थगित भएपछि पहिलो पटक प्रतिक्रिया दिएका छन् । प्रचण्डले पहिलो पटक बैठक स्थगित भएको विषयमा औपचारिक प्रतिकृया दिए । प्रचण्डले आन्तरिक गृहकार्य नपुगेकाले बैठक बस्न नसकेको बताए ।

प्रचण्डले अहिले दुई अध्यक्ष बीच छलफल जारी रहेको बताए । उनले प्रधानमन्त्री समेत रहेका अर्का अध्यक्ष केपी शर्मा ओली सँगको छलफल सकिएपछि २ दिनभित्र स्थायी कमिटी बैठक बोलाउने तयारी भएको बताए ।

प्रचण्डले दुबै अध्यक्षले बैठक एक दुई दिन भित्र बोलाउने उनले बताए । स्थायी कमिटी बैठकका एजेण्डा तय गर्न बुधबार बोलाइएको सचिवालय बैठकमा सहमति जुट्न नसकेपछि स्थायी कमिटी बैठक अनिश्चित बनेको छ ।

# २ जेठमा नीति तथा कार्यक्रम

## आजबाट बजेट अधिवेशन

**जेठ १५ मा बजेट ल्याउनुपर्ने संवैधानिक बाध्यता रहेकाले सरकारले यो वर्ष जेठ २ गते नीति तथा कार्यक्रम ल्याउने मिति तय गरेको छ भने त्यस अगाडि नै प्रि–बजेट छलफल गरिने भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ वैशाख ।

आगामी आर्थिक वर्षका लागि सरकारले जेठ २ गते नीति तथा कार्यक्रम ल्याउने भएको छ । आजबाट चल्ने संसदमा राष्ट्रपति विद्यादेवी भण्डारीले सरकारको नीति तथा कार्यक्रम ल्याउने मिति तय भएको हो । जेठ १५ मा बजेट ल्याउनुपर्ने संवैधानिक प्रावधानका कारण प्रि-बजेट छलफल भने नीति तथा कार्यक्रम भन्दा अगाडि नै हुने भएको छ ।

संसद सचिवालयका अनुसार, २८ र २९ वैशाखमा प्रि-बजेट छलफल हुने तालिका तय भएको छ । महामारीका कारण सूचना टाँसेर स्थगित भएको अधिवेशन उच्च सतर्कता अपनाउँदै शुरु हुने भएको छ । अधिवेशन शुरु गर्न पूर्व संघीय संसदका सांसदहरुको बिहीबार स्वाब परीक्षण गरिएको छ ।



**सभामुख अग्निप्रसाद सापकोटा बिहीबार संघीय संसद् भवन नयाँ बानेश्वरमा कोरोना भाइरस (कोभिड–१९)को स्वाब परीक्षण गराउँदै । तस्वीरः रासस**

परीक्षण प्रतिवेदन आएपछि सांसदहरुलाई संसदमा छिर्न दिइने भएको छ । बजेट अधिवेशनका लागि सांसदहरु भने काठमाडौं आइसकेका छन् । सत्तारुढ नेकपाभित्र देखिएको विवादका कारण समस्या देखिए पनि सांसदहरुले भने बजेटबाट सुझाव दिएका छन् । सत्तापक्ष र प्रतिपक्षका मुख्य सचेतक एवं सचेकले सरकारलाई नीति तथा कार्यक्रम र बजेटमार्फत केरोना भाइरसको महामारीबाट जोगाउने र आत्मनिर्भर हुने कार्यक्रम ल्याउन सुझाव दिएका छन् ।

सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) को शुक्रबारदेखि शुरु हुने अधिवेशनका सम्बन्धमा नेकपा संसदीय दलका मुख्य सचेतक देव गुरुङले बजेटका प्राथमिकता कोभिड-१९ को व्यवस्थापन र उत्पादनमा आत्मनिर्भर मै केन्द्रित बताए ।

बजेट अधिवेशनका रुपमा रहने यस अधिवेशनमा अर्थमन्त्रीले आगामी आर्थिक वर्षका लागि राजश्व र व्ययको अनुमान (बजेट) प्रस्तुत गर्नेछ । प्रत्येक वर्ष जेठ महिनाको १५ गते सङ्घीय संसद्मा बजेट पेश गर्नुपर्ने संवैधानिक व्यवस्था छ । बजेट अधिवेशन भएकाले शुरुआती दिनमा नीति तथा कार्यक्रम र प्री बजेटमै केन्द्रित भएर छलफल हुने बताउँदै मुख्य सचेतक

बाँकी पृष्ठ २ मा

# अवैध कामदारलाई मलेसियाको अल्टिमेटम

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ वैशाख

मलेसियाले सन् २०२० को जनवरी एक तारिक यता आवासीय भिसा समाप्त भएका आप्रवासी कामदारहरुलाई आवागमन नियन्त्रण आदेशको अवधि सकिएको दुई हप्ताभित्र देश छोड्न आदेश दिएको छ ।

मलेसियाले मार्च १६ तारिकदेखि लागू गरेको आवागमन नियन्त्रण आदेश (एमओसी) आदेश जारी गरेको हो । पटक-पटक थपिएको उक्त आदेश अर्को आदेश नभएमा आगामी मे १२ सम्म जारी रहने छ । कडा प्रवन्धबीच औद्योगिक क्षेत्र र मलहरु खुला गरेको मलेसियामा संक्रमितहरुको बृद्धिदर अहिलेकै अवस्थामा रहे त्यसलाई ट्याकल गर्न सकिने त्यहाँका अधिकारीहरुले बताएका छन् । मलेसियन अधिकारीहरुको हालको तयारीले ४ दिनपछि आवागमन नियन्त्रण आदेशको अवधि सकिने छ ।

मलेसिया अध्यागमन विभागको परिवर्तित भिसा नीति सम्बन्धी पछिल्लो निर्णय जानकारी दिँदै क्वालालम्पुरस्थित नेपाली दूतावासले जनवरीयता आवासीय भिसा समाप्त भएका नेपाली कामदारहरुलाई अध्यागमनको सूचना अनुसारको प्रक्रिया अपनाउन भनेको छ । जनवरी एक तारिकयता त्यस्ता भिसा सकिएका कामदारलाई मलेसियाका सरकारी निकायसँग सम्पर्क नगरी पहिले जस्तै गरी आफैंले टिकट काटेर घर फर्किन अनुमति दिइएको छ । उनीहरुले जनवरी यता बसेको कुनै अध्यागमन शुल्क वा जरिवानासमेत तिर्नुनपर्ने मलेसियन अध्यागमनलाई उदृत गर्दै नेपाली दूतावासले जनाएको छ ।

मलेसियामा जनवरी यताको चार महिनामा करिब ७ हजार नेपाली भिसा र करार अवधि सकिएर घर फर्किने प्रतिक्षामा रहेको नेपाली दूतावासले आँकलन गरेको छ । गतवर्ष डिसेम्बर ३१ भन्दा अगाडि भिसा समाप्त भई ओभरस्टे भएका कामदारले भने कानून बमोजिम जरीवाना तिर्नुपर्ने छ । आवागमन नियन्त्रण आदेश लागू हुनुभन्दा अगाडि वा शुरु भएपछि भिसाको म्याद समाप्त भएका विदेश कामदारको भिसा नवीकरण गर्नुपर्ने भएमा आवागमन नियन्त्रण आदेश समाप्त भएको ३० दिनभित्र आवेदन दिनुपर्ने व्यवस्था गरिएको छ ।

मलेसियाले कुवेत, बाहराइनलगायतका केही खाडी मुलुकहरुले अवैध आप्रवासी कामदारहरुलाई आममाफी दिने चर्चा भएपनि अध्यागमन विभागको पछिल्लो निर्णयमा त्यसबारेमा केही उल्लेख छैन । त्यहाँ २५ हजार अवैध नेपाली रहको अनुमान छ ।

## वैदेशिक रोजगार विशेष

### मलेसियामा ९ जना नेपाली सुरक्षा गार्ड संक्रमित

काठमाडौं/मस- मलेसियामा नौ जना नेपाली सुरक्षागार्डमा कोरोना भाइरस (कोभिड-१९) संक्रमित पाइएका छन् । स्थानीय पेतालिङ जायास्थित चेरस मलमा खटिएका नौ जना नेपाली गार्डमा कोरोना भाइरस पोजेटिभ पाइएको हो ।

दश जनामा पोजेटिभ पाइएको भन्दै मलेसियाको स्वास्थ्य मन्त्रालयले एक जना स्थानीय मलेसियन र नौजना नेपाली नागरिक रहेको दि स्टारले बताएको छ । मलेसियाको स्वास्थ्य विभागका महानिर्देशक डा नुर हिसाम अब्दुल्लाहले संक्रमित नेपाली सोही मलमा बस्ने गरेको विहीबारको दैनिक ब्रिफिङमा जानकारी दिएका छन् ।

उक्त मलका सुरक्षागार्डका अतिरिक्त कामदारहरुको जाँच चलिरहेको बताइएको छ । ४ सय ३६ जनाको परिक्षण भएकोमा १० जना पोजेटिभ, ३सय ४७ जना नेगेटिभ र ७९ जनाको नतीजा आउन बाँकी रहको बताइएको छ । मलेसियामा विहीबार भेटिएका ३९ नयाँसहित मलेसियामा कोरोना भाइरस संक्रमितहरुको संख्या ६ हजार ४ सय ६७ पुगेको छ ।

बाँकी पृष्ठ २ मा

### श्रम मन्त्रालयको साढे १४ लाख कोरोना कोषमा

काठमाडौं/रासस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रु १४ लाख ५१ हजार ९६७ दाखिला गरेको छ ।

मन्त्रालय तथा मातहतका पाँच निकायका सबै तहका कर्मचारीको तर्फबाट उक्त रकम कोषमा दाखिला गरिएको मन्त्रालयका प्रवक्ता सुमन घिमिरेले जानकारी दिए । सचिव र सहसचिवको सात दिन, उपसचिव र शाखा अधिकृतको पाँच दिन र अन्य कर्मचारीको तीन दिनको तलब रकम जम्मा गरिएको मन्त्रालयले जनाएको छ ।

**नेपाल आयल निगम लि. को**

**खाना पकाउने एल.पी. ग्याँस प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक सूचना**

एल.पी ग्याँस अत्यन्त प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त शतर्कता र सावधानी अपनाउन जरुरी हुन्छ । यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरुमा ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम लि. अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :**

१. एल.पी. ग्याँस सिलिण्डर ल्याउँदा-लैजाँदा नगुडाऊँ, भान्छामा सिलिण्डर सधै ठाडो राखी प्रयोग गरौं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुल्हो जस्ता उपकरणहरु गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ (दुई) वर्षमा ग्यासको पाइप फेरौं ।
३. खाना पकाउँदा सधै झ्याल ढोका खुला राखौं र सुतिको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
४. काम सकिएपछि सधै रेगुलेटर बन्द गरौं ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू:**

१. खाना पकाउने स्थानमा एल.पी. ग्याँसको तीखो गन्ध आइरहेको छ भने ग्याँस लिक भइरहेको छ भन्ने बुझ्नुपर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको (Knob) बन्द गरौं ।
२. ग्याँस हावाभन्दा गह्रौं हुने भएकोले भुइँमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धूप आदि नबालौं र बिजुली बत्ती, टर्चलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।
३. ग्याँस लिक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा ‘सेफ्टी क्याप’ ढकन लगाएर घर बाहिर खुला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस विक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो**

**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेडद्वारा जारी**

# निजी क्षेत्रका प्रतिनिधिसँग छलफल

**काठमाडौं/मस-** प्रतिनिधिसभाको अर्थ समितिले आज आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्ने विषयका बारेमा निजी क्षेत्रका प्रतिनिधिहरुसँग छलफल गरेको छ।



समितिले नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स र नेपाल घरेलु तथा साना उद्योग महासङ्घका पदाधिकारीसँग आगामी आवको नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिनुपर्ने विषयका बारेमा छलफल गरेको हो।

कोरोना भाइरसको महामारीबाट विश्व अर्थतन्त्रमा अकल्पनीय सङ्कट देखा परिरहेको र मुलुक लगातार एक महिनाका लागि लकडाउन भएका कारण अति आवश्यक वस्तुका उद्योग, व्यापार तथा व्यवसाय बाहेक सम्पूर्ण ठप्प भई नेपालको समग्र अर्थतन्त्रमा समेत चक्रीय आर्थिक सङ्कट पर्न गएको निजी क्षेत्रका प्रतिनिधिले समितिलाई जानकारी गराएको छ।

मुलुकको उद्योग, व्यापार तथा व्यवसाय धरासायी र बन्दसमेत हुने स्थिति सिर्जना भएको भन्दै निजी क्षेत्रका प्रतिनिधिले आफूहरुको मनोबल उच्च राखी अर्थतन्त्रको पुनःउत्थान गर्न आवश्यक रहेको सुझाव दिएका थिए।

उद्योगी तथा व्यवसायीको छाता सङ्गठनले आर्थिक पुनःउत्थानका प्याकेज घोषणा गरी सोही बमोजिमका उपयुक्त नीति तथा राहतका समयबद्ध कार्यक्रममा साझेदारीका लागि मौद्रिक, श्रम तथा रोजगार, विद्युत् र नीतिगत सुधार जरुरी रहेको जानकारी दिएका छन्।

उद्योगी व्यवसायीले उद्योग व्यवसायमा अतिरिक्त पूँजी प्रवाह गर्ने र कर्जा व्यवस्थित रुपले आगामी तीनदेखि पाँच वर्षसम्मको अवधि बढ्ने र ऋणको लागत घटेर आर्थिक चक्रलाई थप बिग्रन नदिई उद्योग व्यवसाय सञ्चालन गरी राख्न मद्दत पुग्ने विश्वाससमेत व्यक्त गरेका छन्।

कम्तीमा पनि तीन वर्ष अवधिका लागि बैंकको कर्जाको व्याजदर पाँच प्रतिशतले घटाउनुपर्ने, रु एक खर्बको पुनरकर्जा कोष खडा गरी घाटामा जाने उद्योग, व्यापार तथा व्यवसायका लागि तीन वर्ष अवधिका लागि तीन प्रतिशत पुनःकर्जा कोषले व्यहोर्ने र दुई प्रतिशत सम्बन्धित बैंकले स्प्रेडबाट मिलान गर्ने गरी कर्जा उपलब्ध गराउनुपर्ने सुझाव दिएको छ।

सबै उद्योगमा तलब तथा व्याजका लागि पाँच प्रतिशत रिफाइनान्सिङको व्यवस्था गरेर दुई वर्षमा किस्ताबन्दीमा भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने उद्योगी व्यवसायीको माग छ।

बैंकको ऋणको पुनः संरचनाका लागि स्वीकृत वा सिफारिस गर्ने तथा आगामी पाँच वर्षका लागि व्याजलाई पूँजीकरणको व्यवस्था गर्ने र क्रेडिट योग्य असल ऋणीका लागि बैंकहरुलाई पूरक ऋण विस्तार गर्न मौद्रिक नीतिमा उपयुक्त व्यवस्था गरिनुपर्ने माग उनीहरुको छ।

ऋणको साँवा, ब्याज भुक्तानीको सम्बन्धमा सरकारले घोषणा गरेको समयसीमा स्पष्ट नभएको र समयसीमा स्पष्ट पारेपछि एक हप्ताको समय प्रदान गरी कूल दश प्रतिशत छुट पाउने व्यवस्था गर्नुपर्ने माग छ। श्रमिक तथा उद्योगीका विषयमा रहेका समस्या समाधानका लागि प्रयत्न गर्नसमेत निजी क्षेत्रका उद्यमीको माग छ।

उद्योगी व्यवसायीले चार महिनाका लागि विद्युत् डिमाण्ड चार्ज मिनाहा हुने व्यवस्था गरिनुपर्ने, बिजुलीको महसुल तिर्ने समयसीमा चार महिनाका लागि पर सार्नुपर्ने र बिजुलीको महसुलमा १५ महिनासम्म २० प्रतिशत छुटको व्यवस्था गर्न माग गरिएका छन्।

समितिको बैठकमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष भवानी राणा, नेपाल उद्योग परिसङ्घका अध्यक्ष सतिशकुमार मोर र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेशकाजी श्रेष्ठले उद्योगी व्यवसायीका समस्या र चासोका बारेमा समितिलाई जानकारी गराएका थिए।

यस्तै नेपाल घरेलु तथा साना उद्योग महासङ्घका कार्यवाहक अध्यक्ष उमेशप्रसाद सिंहले कोरोनाको प्रभाव कम गर्न साना तथा मझौला उद्योगको विकासमा ध्यान दिनुपर्ने भएकाले सहज कर्जाको व्यवस्था तथा अन्य नीतिगत व्यवस्था गर्नुपर्ने सुझाव दिएका थिए। अर्थ समितिले पछिल्ला दिनमा आगामी आवको बजेटका सन्दर्भमा नियमित जसो छलफल गरिरहेको छ।

# दशगजामा अलपत्रमध्ये ८८ जना भारतको क्वारेन्टाइनमा

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २५ बैशाख



नेपाल भारत सीमा क्षेत्र दशगजा क्षेत्र कपिलवस्तुको सिमावर्ती नाकाबाट आएका ३ सय ५३ नेपाली नागरिक भारततका सुरक्षकर्मीले जिम्मा लिएका छन्। भारतमा कोरोना तीव्र रुपमा फैलिएसंगै नेपालका बिभिन्न स्थानबाट भारतमा मजदुरी गर्न पुगेका सर्वसाधारण फर्केर नेपाल तर्फ नियमित रुपमा आइरहेका थिए। नेपालका सुरक्षाकर्मीले नियन्त्रणमा लिएपछि उनीहरुलाई प्रमुख जिल्ला अधिकारी दिर्घनारायण पौडलले भारतीय पक्षका अधिकारीहरुसंग छलफल गरेपछि बुधवार मर्जादपुर नाकामा रहेका ८८ जना नेपालीलाई भारतीय सुरक्षाकर्मीको जिम्मा लगाइएको छ।

उनीहरुलाई भारतले सिद्धार्थनगर जिल्ला थाना शोहतगढको रमवापुर माध्यमिक विद्यालयको क्वारेन्टनमा राखेको छ। भारतमा काम नपाउने, कम्पनी बन्द हुने गरेपछि खान बस्न समस्या परेपछि अलपत्र उनीहरु नेपाल फर्केका हुन्। भारत सरकारले सीमाबाट ती नेपालीलाई सहज रुपमा नेपाल छिर्न अनुमति दिएपछि अहिले उनीहरु कपिलवस्तुको सीमा क्षेत्र चाकरचौडा, मर्यादपुर(खुनुवा), कृष्णनगरलगायतका नाकामा अलपत्र अवस्थामा छन्। उनीहरुले भारतबाट निर्बाध रुपमा नेपाल छिर्न अनुमति पाएको र नेपाल आएको बताएका छन्। उनीहरुका अनुसार भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले आफूहरुलाई घर पठाइदिन सहयोग गरेको बताइएको छ।

भारतको महाराष्ट्र, दिल्ली, उत्तर प्रदेशलगायतमा कोरोना तीव्ररुपमा फैलिएकाले उनीहरु नेपाल छिरेपछि निकै त्रास बढेको छ। धेरै दिनसम्म पेटभरी खान नपाएको, बिस्कुट र चाउचाउको सहायताले बोर्डरसम्म आएको उनीहरुले बताएका छन्। विभिन्न नाकामा रहेका नेपालीहरु अलपत्र परेपछि एकातिर उनीहरु गाउँमा छिर्दा कोरोनाको त्रास फैलने समस्या त्र आकोर्तिर भित्रिन नपाउदा नेपाली नागरिक भौकै वस्न परेको वाध्यता जस्ता देहोरो समस्या आई लागेको जिल्ला समन्वय समितिका सदस्य अनुप कुमार पाण्डेयले बताए।

मर्यादपुर नाकाका ८८ जनालाई भारततर्फ व्यवस्थापन गरिएपनि यशोधरा गाउंपालिका ६ रंगपुर सीमामा रहेका २० जना भने सीमानामा नै रहेका र १ जना ६ महिनाकी गर्भवती महिला रहेको सदस्य पाण्डेयले बताए। त्यस्तै हरदौर्ना नाकामा पनि एक जना गर्भवती महिला रहेकी छन्।

कपिलवस्तु प्रजिअ पौडलले गृह मन्त्रालयले लकडाउनको समयमा कोहीलाई पनि नेपाल छिर्न नदिन परिपत्र आएको कारण नेपालमा सहज रुपमा ल्याउने वातावरण नभएको बताए। तर पनि कसरी नेपाल वा भारतमा क्वारेन्टाइनमा व्यवस्थापन गर्ने भन्नेबारेमा भारतीय सुरक्षाकर्मी र नेपालमा स्थानीय तहहरुसंग नियमित छलफल गरिरहेको, जसको कारण ८८ जनालाई व्यवस्थापन गरिएको र अन्यलाई पनि व्यवस्थापन गर्ने उनले बताए।

यता महाराजगञ्ज नगरपालिका प्रमुख अब्दुल कलाम खां र यशोधरा गाउंपालिकाका अध्यक्ष गिरिजेश कुमार पाण्डेयले सीमा नाकामा अलपत्र परेका नेपाली नागरिकलाई स्थानीय प्रशासनले क्वारेन्टाइनमा राखेर व्यवस्थापन गर्न माग गरेका छन्। प्रमुखद्वयले पानी परेको समयमा भौकै सीमामा नेपाल र भारत जान नपाएर वीचमा अलपत्र नागरिलाई तत्काल वास बस्न र खाने व्यवस्था मिलाउन माग गरेका हुन्।

उनीहरुले भोकमरीबाट बचेपछि सरकारको नियम अनुसार कोरोनाको चेकजांच र क्वारेन्टाइन समय पुरा गरेपछि घर फकर्ने व्यवस्था गर्न तत्काल सरकारसंग माग गरेका छन्। नेपालका सीमामा रहेका क्वारेन्टाइनमा राखेर उनीहरुको खाने वस्ने व्यवस्थापन गर्न स्थानीय तहहरु तयार रहेको पनि प्रमुखद्वयकै भनाई छ।

महाराजगञ्ज नगरपालिकाको सीमामा अलपत्रहरुलाई मेयर खांले त्रिपालको व्यवस्था गरेर खाना नास्ताको व्यस्था गरेका छन्। त्यस्तै यशोधरा गाउंपालिका क्षेत्रको सीमामा आएका नेपालीहरुको लागि तत्काल वस्नको लागि त्रिपाल र खानाको व्यवस्था गरिएको अध्यक्ष पाण्डेयले बताए।

# सशस्त्र प्रहरीद्वारा घरेलु मदिरा नष्ट


**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २५ बैशाख



नवलपरासीको गुठी परसौनीमा सशस्त्र प्रहरीद्वारा घरेलु मदिरा नष्ट गरिएको छ। सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीका सशस्त्र प्रहरी निरीक्षक सुमन अधिकारीको नेतृत्वमा खटिएको गस्ती टोलीले बिहीबार बिहान सुस्ता गाउँपालिका वडा नं ५ बनकट्टीबाट नेपालबाट भारततर्फ लग्दै गरेको करिब एक सय पचास लिटर परिमाणको घरेलु मदिरा दशगजाबाट नियन्त्रणमा लिएर नष्ट गरेको हो।

बरामद गरिएको घरेलु मदिरा स्थानीय र पत्रकारहरुको रोहबरमा नष्ट गरिएको सशस्त्र प्रहरी निरीक्षक अधिकारीले जानकारी दिए। यसैगरी लकडाउनको समयमा सीमा तस्करी तथा सीमा सुरक्षाको निगरानी पूर्णरुपले बढाइएको साथै मानिसहरुलाई आवतजावतमा पूर्णरुपमा रोक लगाइएपनि लकडाउनको मौका छोपी नेपालबाट भारततर्फ अवैधरुपमा मदिराको निकासी बढेपछि शसस्त्र प्रहरीले दिनहुँ मदिरा नियन्त्रणमा लिएको शसस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीले जनाएको छ।

# हुरी वतासले सुर्खेतमा रेडियो नेपालको टावर ढाल्यो



**भिम प्रसाद शर्मा/मध्यान्ह**
सुर्खेत, २५ बैशाख

बिहीबार बिहानै तीव्र बेगमा आएको हावाहुरीले सुर्खेतको हर्रे चमेरीस्थित रेडियो नेपाल र नेपाल टेलिभिजनको टावर ढालेको छ। दुबै टावर ढल्दा भौतिक क्षति भए पनि कुनै मानवीय क्षति नभएको प्रदेश रेडियो नेपाल सर्खेतले जानकारी दियो। ढलेको रेडियो नेपालको १०० मेगा हर्जको टावर आ.व २०६९/७० सालमा बनेको थियो। टावर ढल्दा बाँके, बर्दिया, सुर्खेत, सल्यान र जाजरकोट जिल्लाहरुमा प्रसारण अवरुद्ध भएको छ।

लकडाउनको समयमा हुरीबतासले क्षति ग्रस्त टावरमा पुग्न जिल्ला प्रशासन कार्यालयबाट पास चाहिने भएकोले भोलिमात्र उक्त टावरमा जान सकिने बताइएको छ। घटना प्रतिवेदनको जानकारी केन्द्रीय कार्यालयमा पठाई शीघ्र हर्रे चमेरीस्थित रेडियो नेपाल सुर्खेतको टावर संचालनमा ल्याइने रेडियो नेपाल प्रदेश प्रसारण केन्द्र सुर्खेतका प्रमुख जानकीशरण साहले मध्यान्हलाई जानकारी दिए।

# भुल्केमा थप ३३५ जनाको स्वाब नमूना संकलन

**उदयपुर/मस-** उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-३ भुल्केमा बुधबार थप ३३५ जनाको स्वाब सङ्कलन गरेर परीक्षणका लागि जनस्वास्थ्य प्रयोगशाला विराटनगर र बिपी कोइराला मेमोरियल अस्पताल धरान पठाएको छ।




भुल्केका कोरोना सङ्क्रमणस्थल ५५ घर मुस्लिम समुदायका सबै परिवारसहित अन्य केही स्थानीयवासीको पनि स्वाब सङ्कलन गरेर परीक्षणका लागि धरान र विराटनगर पठाइएको स्वास्थ्य कार्यालय उदयपुरका प्रमुख मोहन सुवेदीले बताए।

भुल्केमा पहिलो चरणको स्वाब परीक्षणमा १२ भारतीय नागरिकसहित १६ जना स्थानीय मुस्लिम परिवार गरेर २८ जनामा कोरोना सङ्क्रमण देखिएपछि पछिल्लो अवस्थाबारे अध्ययन गर्न पटक पटक कोरोनासम्बन्धी स्वाब सङ्कलन र परीक्षण गरिँदै आएको छ। पहिलो चरणको स्वाब सङ्कलन र परीक्षणमा २८ जनामा कोरोना देखिए पनि त्यसपछि पटक पटक गरेर तीनपटक परीक्षण गरिएको र पछिल्लो चरणका परीक्षणको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ।

भुल्केमा कोरोना सङ्क्रमित २८ जना सबैको कोरोना अस्पताल विराटनगरमा उपचार भइरहेको छ। तीमध्ये ६ जना भारतीय मुस्लिम नागरिकको स्वास्थ्य अवस्थामा सुधार भएपछि बुधबार डिस्चार्ज गरिएको पनि स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ।

# लकडाउनको सदुपयोग : भूकम्पपीडितका घर ठडिए

**बेनी/रासस-** कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले लागू गरेको लकडाउन (बन्दाबन्दी) को अवधिमा म्याग्दीको एउटै गाउँमा ६ जना भूकम्पपीडितले घर निर्माण गरेका छन्।

विसं २०७२ को महाभूकम्पबाट प्रभावित बेनी नगरपालिका-२ बगरफाँटका ६ जना व्यक्तिले लकडाउन समयको सदुपयोग गरी निजी घर निर्माण गरेका हुन्। बेनी नगरपालिका-२ बगरफाँटका नरबहादुर कार्की, गोविन्दप्रसाद शर्मा, भीमबहादुर कार्की, धनबहादुर कार्की, ध्रुवप्रसाद शर्मा र बेदप्रसाद उपाध्यायले जिल्ला आयोजना कार्यान्वय इकाइ पुनःनिर्माण प्राधिकरणको मापदण्डअनुसारका घर निर्माण गरेका हुन्।

प्राधिकरण म्याग्दीका प्रमुख यज्ञप्रसाद रिजालका अनुसार म्याग्दी जिल्लामा पछिल्लो समय भूकम्प प्रभावितको निजी आवास निर्माणको कामले तीव्रता पाएको छ। भूकम्पबाट प्रभावितमध्ये म्याग्दीमा ८८४ र छुट तथा पुनःसर्वेक्षणबाट १८० गरी कूल एक हजार ६४ जना लाभग्राही रहेका छन्। २०७२ सालको सर्वेक्षणबाट देखिएका ८८४ लाभग्राहीमध्ये हालसम्म ५१५ लाभग्राहीले घर निर्माण गरेर तेस्रो किस्ता रकम बुझिसकेका छन्। त्यसैगरी ५८४ जनाले दोस्रो र ८०१ जनाले पहिलो किस्ता लिएका छन्।

छुट तथा पुनःसर्वेक्षणबाट देखिएका १८० भूकम्पपीडितमध्ये हालसम्म १४० जनाको सम्झौता भएर आएको र उनीहरुको आवास निर्माणको प्रक्रिया लकडाउन खुलेपछि शुरु हुने आयोजना प्रमुख रिजालले बताउनुभयो। प्रमुख रिजालका अनुसार म्याग्दीमा हालसम्म निजी आवस पुनःनिर्माणको ६४ प्रतिशत प्रगति भएको छ।

घरबारविहीनलाई गाउँलेले बनाइदिए घर

त्यसैगरी म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ भगवतीको खड्कामारेका घरबारविहीन श्रीप्रसाद खत्रीलाई लकडाउन समयको सदुपयोग गरी स्थानीयवासीले घर बनाइदिएका छन्।

लकडाउनको सदुपयोग गर्दै आर्थिक अवस्था कमजोर भएकै कारण घरबारविहीन भएका खत्रीको परिवारलाई घर निर्माण गर्न खड्गमारेका स्थानीयवासी व्यस्त छन्। आफन्तले उपलब्ध गराएको जग्गामा तीनकोठे चिटिक्कको घर बनाउने अभियानको संयोजन गरेका खत्रीले स्थानीय सरकारदेखि आफन्त, साथीभाइलाई सहयोग जुटाइरहेको बताए।

लकडाउनको समयमा एउटा राम्रो काम गर्ने अवसर पाएको छु, श्रमदानसमेत गरेर घरवारविहीनको घर बनाउँदैछौँ, उनले भने। लकडाउनको फुर्सदमा कुनै काम गर्ने योजना बनाइरहेको अवस्थामा एउटा मानवीय र परोपकारी कार्यमा समय दिन पाएको उनको भनाइ छ। केहीदिनमै घर ठडिन्छ, लकडाउनले सिर्जनात्मक काम गर्नेलाई असर गरेको छैन, उनले भने। श्रीप्रसादलाई घर बनाउन उनका आफन्तले जग्गा दिने, ब्लक खरिदमा समेत सघाइरहेका छन् भने गाउँपालिकाले २० थान जस्तापाता सहयोग गरेको छ।

घर बनाउन अझै केही आर्थिक आवश्यकता रहेको खत्रीको भनाइ छ। चारजनाको परिवारलाई भान्सा कोठासहितको घर बनाउने अभियानमा स्थानीय युवाले समेत सघाइरहेका छन्। घर बनाउन करिब रु चार लाख खर्च हुने अनुमान गरिएको बताउँदै अभियानमा सहयोग गर्ने सम्पूर्णलाई संयोजक खत्रीले धन्यवाद दिएका छन्।

# लाइसेन्स नभएका व्यक्तिले मापसे गरेर एम्बुलेन्स चलाएपछि...

**काठमाडौं/मस-** काठमाडौँमा एक व्यक्ति सवारी अनुमतिपत्र (लाइसेन्स) नै नबनाई मापसे गरेर एम्बुलेन्स चलाएको भेटिएको छ। काठमाडौँको गौशालामा एक निजी कारलाई ठक्कर दिएपछि भएको अनुसन्धानका क्रममा उनले अहिलेसम्म चालक अनुमतिपत्र नबनाएको र मापसे गरेर एम्बुलेन्स चलाएको फेला परेको प्रहरीले जनाएको छ। कारलाई ठक्कर दिए पनि ठूलो दुर्घटना हुनबाट भने जोगिएको छ।

मित्रपार्कबाट त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलतर्फ जाँदै गरेको बा१० च ८५१३ नम्बरको निजी कारलाई विपरित दिशाबाट आएको बा८छ ६९२८ नम्बरको एम्बुलेन्सले बिहीबार अपराह्न ठक्कर दिएको थियो। दुर्घटनामा कार चालक सविन श्रेष्ठ घाइते भएका र दुवै सवारी साधनमा क्षति पुगेको प्रहरीले जनाएको छ। मोरङको पथरी बस्ने एम्बुलेन्स चालक वर्ष ३६ का रामबहादुर चौधरीलाई पक्राउ गरिएको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ। आवश्यक कारवाहीका लागि उनलाई महानगरीय ट्राफिक प्रहरी वृत्त, गौशालामा राखिएको छ। यता काठमाडौँको गोकर्णेश्वर नगरपालिका-६ बस्ने सिन्धुपाल्चोकका राजु गिरीको कोठाबाट नगद तथा सुनका गरगहनासहित रु एक लाख ४३ हजार बराबरको धनमाल चोरी भएको र घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सिलिन्डरमा कम तौल ग्यास राखी बिक्री गर्ने पक्राउ

**काठमाडौं/रासस-** महानगरीय प्रहरी वृत्त बौद्ध र प्रहरी प्रभाग कपनको संयुक्त टोलीले सिलिन्डरमा कम तौल ग्यास राखी बिक्री गर्ने एक व्यपारीलाई पक्राउ गरेको छ। प्रत्येक ग्यासको सिलिन्डरमा एकदेखि ६ किलोसम्म ग्यास कम राखेर नक्कली सिल गरी कालोबजारी गर्ने कपनको राइनो एडियस इन्टरप्राइजेज नामक ग्यास डिपोका सञ्चालक अमितकुमार श्रेष्ठलाई आज प्रहरीले पक्राउ गरेको हो।



स्थानीयवासीले ग्यास खरिद गरेर घर लगेपछि निकै कम तौल भएको भन्दै कालोबजारीको आशङ्का गरी प्रहरीलाई खबर गरेका थिए। कालोबजारी भएको सूचना पाएपछि प्रहरीले सो डिपोमा छापा मारेको थियो। त्यसपश्चात् प्रहरीले गुणस्तर तथा नापतौल विभाग माछापोखरीमा खबर गरेको थियो।

सो विभागका प्रतिनिधिसहितको प्रहरी टोलीले सोही डिपोमा खानतलासी गर्दा सिद्धार्थ नामको ४७ र गीता नामको २८ थान गरी जम्मा ७५ वटा ग्यासको सिलिन्डर बरामद गरेको थियो।

बरामद भएका ७५ वटै ग्यासको सिलिन्डर मापदण्ड विपरीत कम तौल भएको र नक्कली सिल लगाइएको अवस्थामा फेला परेको बौद्धका प्रहरी नायब उपरीक्षक नवीन कार्कीले जानकारी दिए।

बरामद ग्यासको सिलिन्डरसहित सञ्चालक श्रेष्ठलाई थप अनुसन्धान तथा स्ट्यान्डर्ड नाप र तौल ऐन, २०२५ अनुसार कारवाहीका लागि बिहीबार गुणस्तर तथा नापतौल विभाग माछापोखरीमा पठाइएको उनले बताए।

सो विभागका महानिर्देशक विश्वबाबु पुढासैनीले सञ्चालकले ठगी गरेको पाइएको बताउँदै थप अनुसन्धानपश्चात् उक्त कसुरमा स्ट्यान्डर्ड नाप र तौल ऐन, २०२५ अनुसार तीन वर्ष कैद र रु ३० हजार मागदाबी गर्दै अदालतमा मुद्दा दायर गरिने जानकारी दिए।

प्रहरीका अनुसार 'सञ्चालक श्रेष्ठले कम तौलमा बिक्री वितरण गरेको बताउँदै यसअघि १०० थानभन्दा बढी कम तौलका ग्यासको सिलिन्डर बिक्री गरेको स्वीकार गरेका छन्।' प्रहरीले घटनास्थलबाट कम तौलको ग्यास सिलिन्डरसहित ग्यास निकाल्न प्रयोग हुने फलामको पाइप, नक्कली सिलहरु बरामद गरेको थियो।

## २ जेठमा ....

गुरुङले बताए। कोराना भाइरस र लकडाउनको अवस्थामा निश्चित शारीरिक दूरी कायम राखेर मानव स्वास्थ्यको पक्षलाई उच्च सर्तकतामा राखेर अधिवेशन सञ्चालनको सम्पूर्ण तयारी गरिएको सङ्घीय संसद् सचिवालयले जनाएको छ।

राष्ट्रपतिबाट यस अधिवेशनमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत हुनेछ। वैदेशिक सहायता र राजश्व सङ्कलनको चुनौती रहेको अवस्थामा आउने आगामी आर्थिक वर्षको बजेटमा राष्ट्रिय गौरव र निर्माणाधिन बहुवर्षीय आयोजनालाई पनि प्राथमिकतामा सरकारलाई राख्न सांसदहरुको सुझाव छ।

प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसका सचेतक पुष्पा भुसालले बजेट अधिवेशनको आवश्यकता भनेको नेपाली जनतालाई कोभिडको महामारीबाट बचाउन बजेटका प्राथमिकता र नीति तथा कार्यक्रम केन्द्रित हुनुपर्ने बताइन्।

सरकारले कानूनी शासन कायम गर्न र भ्रष्टाचार नियन्त्रण गर्न तदारुखता नदेखाएको आरोप लगाउँदै संसद् अधिवेशनको मुखमा आएर अध्यादेश ल्याएर राजनीतिक अस्थिरता निम्त्याउने काम गरेको जनाउँदै यी र यस्ता राष्ट्रिय राजनीतिक महत्वका विषयलाई पनि सदनमा प्रमुखताका साथ उठाउने उनले बताइन्।

जनजीविकासँग जोडिएका आवाज, भ्रष्टाचार विरुद्ध र सुशासनका पक्षमा सदनमा शून्य र विशेष समयको भरपुर सदुपयोग गर्ने प्रतिपक्षी दलले अठोट गरेको छ।

## अवैध....

त्यहाँ मृत्यु हुनेको संख्या १ सय ७ पुगेको छ। संक्रमितहरुको संख्या ६ हजार बढी रहेपनि मलेसियामा १९ जना आसियू र ८ जना भेन्टिलेटरमा रहेका छन्। मलेसियामा यसअघि तीन नेपालीमा संक्रमण देखिएको थियो। त्यसमध्ये दुई नेपाली उपचारपछि फर्किएका छन्। एक जना उपचाररत छन्। त्यहाँ करीब ५ लाख नेपाली रहेको अनुमान छ।

# समीक्षाको उपचार जटिल बन्दै

**विराटनगर/मस–** आखाँमा ढुङ्गाको चोटबाट गम्भिर घाईते बनेकी महिला फुटबल खेलाडी समीक्षा मगरको उपचार प्रक्रिया जटिल बन्दै गएको छ ।



कारोना र लकडानका कारण चोट लाग्नसाथ उदयपुरस्थित घरबाट समयमै विराटनगर आखाँ अस्पताल पुऱ्याउन नसक्दा आखाँको चोट दिनानुदिन बिग्रदै गएको उनको परिवारले जनाएको छ । बैशाख १२ गते घरमा बारीमा काम गर्ने क्रममा ढङ्गा उछिट्टिएर आखाँभित्र पसेपछि चोटिल बनेकी समीक्षालाई शुरुमा धरानस्थित बिपी कोईराला अस्पताल लगिएको थियो । तर त्यहाँ उपचार सम्भव नभएपछि उनलाई गत बिहिबार विराटनगरस्थित आखाँ अस्पतालमा पुऱ्याइयो । उपचारको १३ दिन बितिसक्दा पनि उनको आखाँमा देखिएको ईन्फेक्सन निको हुन नसकेपछि समीक्षाको आखाँको नानी नै झिक्नुपर्ने अवस्थामा पुगेको जनाइएको छ । तर ईन्फेकसन निको नहुँदा शल्यक्रिया गर्न पनि कठिन बन्दै गएको छ ।

शल्यक्रिया गर्न नसक्दा उनको आखाँको ईन्फेकसन टाउकोको अन्य मुख्य भागहरुमा पनि सर्न सक्ने खतरा बढेको चिकित्सकले बताएका छन् । चिकित्सकका अनुसार ईन्फेक्सन नरोकिएकोले शल्यक्रिया गर्न नसक्दा उनको घाउ दिनप्रतिदिन जटिल अवस्थानमा पुगेको बताए ।

समिक्षाको उपचारमा शुरुवातदेखि नै खटिएकी प्रशिक्षक भगवती रानामगरले घाउ सुकाउन ईन्जेक्सनको प्रयोग भईरहेको तर ईन्फेक्सनको अवस्था दिन प्रतिदिन बिग्रिदै गएको बताईन् । उनले लकडाउनका कारण समयमा अस्पताल पुर्याउन समेतनिकै कठिन भएकोले समिक्षाको अवस्था अहिले जटिल बनेको बताईन् । भगवतीले भनिन्,'समिक्षलाई एक त चोट लागेकै दिन अस्पताल ल्याउन असमर्थ रह्यौ । सोही दिन ल्याईएको भए आखाँको शल्यक्रिया गर्न किने रहेछ र आखाँ जोगाउन सकिने रहिछ । तर अब निक्कै ढिलो भईसक्यो ।'

समिक्षालाई बैशाख १८ गतेको दिन विराटनगर अस्पताल लगिएको थियो । पछिल्लो समय चिकित्सकको लापरवाहीका कारण समीक्षाको आखाँ गुम्ने अवस्थामा आएको भन्ने चर्चा समेत चलेको छ । अखिल नेपाल फुटबल संघ एन्फाका प्रवक्ता किरण राईले समिक्षाको उपचारमा अस्पतालको तर्फबाट पूर्ण सहयोग भईरहेको स्पष्ट पारेका छन् । उनले भने, 'शल्यक्रिया गर्न ढिलो भएको छ, चिकित्सकसित सल्लाह गरिराखेका छौ ।'

चिकित्सकका अनुसार उनको आँखामा पसेको ढुङ्गाको टुक्राले नानिलाई नै छेडेर असर गर्न थालिसकेको राइले बताए । समीक्षाको उपचारको सम्पूर्ण खर्च एन्फाले व्यहोर्ने पनि राइले यस अघिनै जानकारी गराई सकेका छन् । यस्तै समिक्षाको उपचारमा विभिन्न संघ संस्थाहरुबाट पनि सहयोग रकम जुटेको छ । उदयपुरको बेलका नगरपालिका–६ कि समीक्षाको वैशाख १२ गतेको दिन आखाँमा ढुंगा लागेर चोट लागेको थियो ।

# ताप्लेजुङ फुटबल संघको भवनमा आगलागी

**ताप्लेजुङ, मस–**आगलागीको कारण ताप्लेजुङ जिल्ला फुटबल संघको भौतिक पूर्वाधार, खेल सामाग्री र सम्पुर्ण कागजात जलेर नस्ट भएको छ । गत शुक्रबार फुङलिङ बजारमा लागेको भिषण आगलागीको कारण ताप्लेजुङ फुटबल संघको भौतिक पूर्वाधारसहित महत्वपूर्ण कागजात जलेर नस्ट भएको हो ।



ताप्लेजुङ फुटबल संघले सामाजिक संजालमार्फत कार्यालय र कागजात जलेर नस्ट भएको जानकारी गराएको छ । 'यस कार्यलयको फुटबल खेल सामाग्रीहरु र अन्य भौतिक सामाग्रीहरु लगायत सम्पूर्ण कागजातहरु जलेर नस्ट भएका छन्,'संघले आफ्नो फेसबुक पेजमा भनेको छ । यस्तै संघले घटना र क्षतिबारे एन्फालाई जानकारी गराएको समेत बताएको छ । एन्फासँग आबद्ध ४५ वटा जिल्ला संघ रहेका छन् । जसमा ताप्लेजुङ पनि एक हो । यस्तै संघले शुभेच्छुकको सुझाव सल्लाह र सहयोगको अपेक्षा गर्दै एकजुट भएर संघलाई अझ व्यवस्थित र मजबुद बनाउदै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ ।

# ब्रायन लाराको ती उत्कृष्ट पाँच पारी



**काठमाडौं, एजेन्सी–** वेस्टइण्डिजका पूर्व स्टार ब्याट्सम्यान ब्रायन लारा अहिले ५१ वर्ष भएका छन् । उनको जन्म दिन मे २ तारिख हो । ट्रिनाडका यी खेलाडीले अन्तर र्राष्ट्रिय क्रिकेट करियर सधैं शानदार राखे । सन् १९८९ मा अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यु गरेका लाराले १३१ टेस्ट म्याच र २९९ एक दिवसीय म्याच खेले । टेस्टमा ११ हजार ९ सय ५३ तथा एक दिवसीयमा १० हजार ४ सय ५ रन जोडेका थिए । टेस्ट क्रिकेटमा ४०० रन पार गर्ने पहिलो क्रिकेटरको रुपमा पनि लारालाई लिइन्छ । हामीले लाराका उत्कृष्ट पाँच पारीको चर्चा गर्छौं ।

**एन्टीगुवा इंग्ल्याण्डविरुद्ध ३७५ रन**

ब्रायन लाराले इंग्ल्याण्डविरुद्ध सन् १९९४ को टेस्ट सिरिजमा तेहेरो शतक बनाएका थिए । ओपनिङ ब्याट्सम्यान स्टुआर्ट विलिम्यसन आउट भएपछि लारा क्रिजमा आएका थिए । त्यसलगत्तै अर्का ओपनिङ ब्याट्सम्यान फिल सिमोन्स पनि आउट भएपछि लाराले वेस्टइण्डिजको पारी उकासको थिए । दुई दिनसम्म ब्याटिङ गरेका लाराले ५३८ बलमा ३७५ रन बनाए । जुन रन लाराको टेस्ट करियरको सर्वाधिक ठूलो स्कोर थियो । लाराकोको उच्च स्कोरको मद्दतले वेस्टइण्डिजले ५ विकेट गुमाएर ५९३ रन बनाएपछि पहिलो पारी समाप्त गरेको थियो । उक्त खेलमा इंग्ल्याण्डले पनि जवर जस्त ब्याटिङ गर्दै ५९३ रन पहिलो पारिमा बनायो । र उक्त खेल 'ड्र' भएको थियो ।

**इंग्ल्याण्डविरुद्ध ४०० रन**

इंग्ल्याण्डविरुद्ध सन् २००४ मा ब्रायन लाराले कप्तानको रुपमा उत्कृष्ट पारि खेलेका थिए । पहिलो विकेट पतन भएपछि क्रिजमा आएका लाराले नट आउट ४०० रन बनाए । यो नै अहिलेसम्मको टेस्ट क्रिकेटमा व्यक्तिगत सर्वोच्चम स्कोर पनि हो । जुन लाराको नाममा रहेको छ ।

नट आउट ४०० रन बनाउँदा लाराले ५८२ बल फेस गरेको भने ७ सय ७८ मिनेट क्रिजमा विताएका थिए । उनले ४३ चौका र ४ छक्का प्रहार गरेका थिए । पहिलो पारि वेस्टइण्डिजले ५ विकेट गुमाएर ७५१ रनमा समाप्त गरेको थियो । इंग्ल्याण्ड पहिलो पारिमा २८५ रनमा समेटिएको थियो । फ्लो अनमा परेको इंग्ल्याण्डले दोस्रो पारिमा ५ विकेट गुमाएर ४२२ रन बनाएपछि खेलको नतिजा भने 'ड्र' भएको थियो ।

**श्रीलंकाविरुद्ध १६९ रन**

तेस्रो नम्बरमा ब्याटिङ गर्न आउने ब्रायन लाराले सन् १९९५ को पाँचौं एक दिवसीय क्रिकेटमा १६९ रन बनाएका थिए । लारा श्रीलंकन बलरमाथि पुरै हावी भएका थए । उनले १२९ बलमा १६९ रनको पारि खेलेका थिए ।

उनले १५ चौका र चार छक्का प्रहार गरेका थिए । वेस्टइण्डिजले निर्धारित ओभरमा ७ विकेट गुमाएर ३३३ रन बनाएको थियो । जवाफमा श्रीलंकाले उत्कृष्ट प्रदर्शन गरे पनि ३ बल बाँकी छदैं ३२९ रन मात्र बनाउन सक्यो र म्याच वेस्टइण्डिजले ४ रनले जित्न सफल भयो ।

पाकिस्तानविरुद्ध १५३ रन

सन् २००५ को ट्राई सिरिजको ७ औं खेलमा ब्रायन लाराले शतक बनाएका थिए । बलरलाई फेभर गर्ने एडिलेडको क्रिजमा वेस्टइण्डिजका कप्तान लाराले पाकिस्तानविरुछ उत्कृष्ट पारि खेलेका थिए । उनको सर्वाधिक रनको मद्दतले निर्धारित ओभरमा ४ विकेट गुमाएर ३३९ रन बनाएको थियो । उक्त खेलमा वेस्टइण्डिज ५८ रनले विजयी भएको थियो ।

**अस्ट्रेलियाविरुद्ध २१३ रन**

सन् १९९९ मा अस्ट्रेलियाले वेस्टइण्डिजको भ्रमण गरेका थियो । सोही टेस्ट सिरिजको दोस्रो टेस्टमा वेस्टइण्डिजले ५ रन बनाउँदा २ विकेट गुमाइसकेको थियो । त्यसमा कप्तान लाराले उत्कृष्ट पारि खेल्दै दोहोरो शतक बनाए । ३४४ बलमा लाराले २१३ रन बनाएका थिए । अस्ट्रेलियाले पहिलो पारिमा २५६ रन मात्रै बनाएको थियो । पहिलो पारिमा लाराको दोहोरो शतकको मद्दतले वेस्टइण्डिजले ४३१ रन बनायो । दोस्रो पारिमा अस्ट्रेलिया १७७ रनमा समेटिएपछि जम्मा तीन रनको लक्ष्य वेस्टइण्डिजले विकेट नगुमाई पुरा गरेको थियो ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७४/०६/२६ मा दर्ता भएको **प्रा.लि. नं. १७६४५०** को **रोशनी निर्माण सेवा प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।


# प्रधानमन्त्री मोदीद्वारा स्वास्थ्यकर्मीको प्रशंसा

**नयाँ दिल्ली, एजेन्सी–** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोरोना भाइरस (कोभिड–१९) विरुद्धको संघर्षमा लागिरहेका स्वास्थ्यकर्मीहरूको प्रसंशा गरेका छन् । उनले चिकित्सक, नर्स तथा अस्पतालमा कार्यरत सबै कर्मचारीहरूले यस्तो महामारीको बेलामा पनि उच्च मनोबलका साथ काम गरेको बताए ।



स्वास्थ्यकर्मीहरूले भगवान गौतम बुद्धले जस्तो सन्देश विश्वलाई नै दिएका पनि बताए । यसअघि पनि उनले कोरोना भाइरसका विरुद्धमा संघर्ष गरिरहेका भारतका स्वास्थ्यकर्मीहरूका साथमा समग्र भारतीय नागरिक र विश्व नै रहेको र उहाँहरू एक्लो नभएको बताएका थिए ।

भारतमा लकडाउन जारी नै रहेको छ भने त्यहाँ दिन प्रतिदिन ठूलो संख्याका संक्रमितहरू थपिँदै गएका छन् । यस्तो अवस्थामा गौतमबुद्ध पूर्णिमाको अवसरमा उनले सबै भारतीय जनता स्वास्थ्यकर्मीहरूको साथमा रहेको बताए ।

उनले ती स्वास्थ्यकर्मीहरूका साथमा सबै भारतीय रहेका बताउँदै भनेका छन् – 'कोरोना भाइरसविरुद्धको लडाईमा भारत पनि एक्लो छैन र भारत भित्र पनि कोही नागरिक एक्लो छैन । यो महामारीका विरुद्धमा संसार नै छ । भगवान गौतम बुद्ध बलिदानको उच्चतम विन्दुको नाम हो ।'

आफ्नो दृढ इच्छाशक्तिका माध्यमबाट गौतम बुद्धले विश्वमा परिवर्तन ल्याउनुभएको र विश्वलाई नै शान्तिको मार्गमा हिँडाउन उच्चतम प्रयास गर्नुभएको सो सम्बोधनका क्रममा उनले भने । उनले कोभिड १९ का विरुद्धमा लडिरहेका विश्वकै स्वास्थ्यकर्मी तथा सबैको प्रसंशा गरे । प्रधानमन्त्री मोदीले यो कुनै एक देश वा क्षेत्रको नभएर विश्वकै शत्रुका रूपमा देखापरिरहेको भन्दै यसका विरुद्ध लड्न विश्व नै एकताबद्ध रूपमा लाग्नुपर्नेमा जोड दिएका थिए ।

उनले यस महामारीका विरुद्धमा लड्न विश्वका सबै देशका नागरिक जस्तै एक अर्ब ३० करोड भारतीय नागरिक पनि एक साथ रहेको भनाई राखेका थिए । सबै नागरिक घरैमा बसेर महामारीबाट बाँच्न सकिने भन्दै यस महामारीको सबैभन्दा उत्तम उपचारको विधि पनि यही भएको धारणा सो सन्देशमा राखेका छन् ।

## आन्ध्र प्रदेशमा दुर्घटना, सातको मृत्यु

**अमरावती, एजेन्सी–** भारतको आन्ध्र प्रदेशको भिजागस्थित एक पोलिमर उद्योगबाट ग्यास चुहिएर भएको दुर्घटनामा सात जनाको मृत्यु भएको छ । उक्त दुर्घटनामा अरु १२० जना घाइते भएका छन् । बिहीबार बिहान विशाखापटनमको आरआर वेन्कटपुरममा रहेको एलजी पोलमर्सबाट स्टेराइन नामको ग्यास चुहिएको अधिकारीहरूले बताएका छन् । आन्ध्र प्रदेशका मुख्यमन्त्री वाइएस जगन मोहन रेड्डीले भिजाग ग्यास दुर्घटनाका बारेमा विशेष रूपमा अनुगमन गरेको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ । उनले ग्यास दुर्घटनाबाट पीडितको तत्काल उपचारको व्यवस्था गर्न तथा अरु क्षति हुनबाट जोगाउन जिल्लास्थित सम्बन्ध अधिकारीहरूलाई निर्देश पनि दिएका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले पनि मुख्यमन्त्री जगन मोहनलाई फोन गरी दुर्घटनालाई नियन्त्रणमा ल्याउन र उद्धार गर्न केन्द्र सरकारले सम्पूर्ण सहयोग गर्ने वचन दिएका छन् ।

# नेतन्याहूलाई सरकार गठन गर्न अदालतको सहमति

**जेरुसलेम, एजेन्सी–** इजरायलको सर्वोच्च अदालतले प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले नयाँ सरकार गठन गर्न सक्ने आदेश दिएको छ । अदालतको आदेशमा भ्रष्टाचारको आरोपको छानबिन चलिरहेकै भएपनि आफ्ना प्रतिद्वन्द्वीसँग मिलेर एकताको सरकार गठन गर्न सक्ने भनिएको छ ।



सर्वोच्च अदालतमा लामो बहस र छलफलपश्चात बुधबार मध्यरातमा सर्वोच्च अदालतले सर्वसम्मत निर्णय गरेको थियो । अदालतको आदेशपछि करिब १७ महिनादेखि जारी राजनीतिक गतिरोध अन्त्य हुनुका साथै एकै वर्षको अवधिमा चौथो आम निर्वाचन गर्नुपर्ने परिस्थितिको अन्त्य भएको छ ।

प्रधानमन्त्री नेतन्याहू र उहाँका प्रतिद्वन्द्वी बेन्नी गान्ज दुबैले नयाँ गठबन्धन सरकार अर्को साता घोषणा हुने बताएका छन् । यी दुबै पक्षबीच सहमति नहुँदा मुलुकमा तीन वटा आमनिर्वाचन भइसकेका छन् तर कुनै पनि चुनावमा कुनै एक दल वा गठबन्धनलाई बहुमत प्राप्त हुन सकेको थिएन ।

तर दुबै पक्षबीच गत महिना "आपतकालीन" सरकार गठन गर्ने बारेमा सहमति भएको थियो । कोरोनाभाइरसका कारण उत्पन्न संकटको समयमा मुलुकलाई अगाडि बढाउन आफ्ना पुराना तिक्तता छाडेर सहमति गर्नु परेको दुबै पक्षको भनाई छ ।


## Resunga Municipality
### Office of the Municipal Executive
Tamghas, Gulmi
Province No. 05, Nepal

## Notice for Invitation Of Sealed Quotation

Date of Publication: 8th May, 2020 (2077/01/26)

1. Office of Municipal Executive, Resunga Municipality (ORM), Tamghas, Gulmi has received funds from Government of Nepal (GON) and intends to apply part funds to Construction/ Upgrading of Roads.
2. Bidders can get further information from Office of Resunga Municipality, Tamghas, Gulmi (Phone No. 079-520150) during office hours.
3. A complete set of bidding documents(Hard Copy) in English may be purchased by the interested bidders upon submission of a written application to the ORM Office, Gulmi and voucher of payment of a non-refundable fee (to be deposited in below mentioned bank). Bidding documents can be purchased within office hours till 22nd May, 2020 (2077/02/09).
   ***Information to deposit the cost of bidding document in Bank:***
   ***Name of Bank: Rastriya Banijya Bank, Gulmi***
   ***Name of Office: Office of Municipal Executive, Resunga Municipality, Tamghas, Gulmi;***
   ***Cost of bidding document = NRs. 1000.00***
   ***Account no.: 30100303000002 (Dharauti); Account no.: 30100304010002 (Sanchit Kosh)***
4. Sealed quotations must be submitted to ORM Office, Gulmi on or before 12:00 hrs of 16th Day from the date of Invitation of Notice. Submitted bids shall be opened in the presence of interested bidders' representatives, who choose to attend in person at 13:00 hrs on 16th day from the Date of Invitation of Notice.
5. Bids must be valid for a period of 45 days from bid opening date and must be accompanied by a bid security issued by "A" class commercial banks approved by Nepal Rastra Bank (conforming to standard format as specified in bid document) amounting as specified below, which shall be valid for at least 30 days beyond the validity period of bid.
6. If last date of purchasing, submission and opening falls on a government holiday, it shall be extended to the next working day.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract ID | Name of Project | Estimated amount with VAT (NRs.) | Bid Security (NRs.) |
|---|---|---|---|
| ORM-NCB-Gulmi-W-39-076/77 | Ratamata–Resunga 14 Ward Office Road Construction Works. | 19,99,791.01 | 55,000.00 |
| ORM-NCB-Gulmi-W-40-076/77 | Batase-Pariyar Tole–Padelpokhara Road Construction Works. | 14,32,596.67 | 40,000.00 |

**Chief Administrative Officer**

# उर्जामन्त्री भन्छन्- काम गर्नेलाई मात्रै अब लाइसेन्स

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ बैशाख

उर्जा, जलश्रोत तथा सिंचाइमन्त्री वर्षमान पुन अनन्तले जलविद्युत क्षेत्रमा काम गर्नेलाई मात्रै लाईसेन्स दिने बताएका छन् । उनले बिहीबार लगानीका लागि खराब मानसिकता र प्रवृत्तिका मानिस वा समूहलाई निषेध गर्दै काम गर्नेलाई मात्रै लाईसेन्स दिईने उनले बताए । जलविद्युतमा लगानी जोखिमपूर्ण रहेकाले काम गर्न सक्नेले मात्र लगानी गर्न आग्रह गर्दै उनले नसक्नेले अरु क्षेत्रमा लगानी गर्नुपर्ने बताए ।

अब लाइसेन्स लिएपछि भोलिपल्टदेखि नै काम गर्नेलाई मात्र सरकारले विश्वास गर्ने उनको भनाई थियो । विद्युत नियमन आयोगको प्रथम वार्षिकोत्सवका अवसरमा मन्त्री पुनले काम गर्न नसक्नेले आफ्नो लगानीले भ्याउने गरी अर्कै उद्यम गर्न निर्देशन दिएका छन् । उनले लगानीका अरु धेरै क्षेत्र हुँदाहुँदै जलविद्युतमै लगानी गर्नुपर्छ भन्ने बाध्यकारी अवस्था नरहेको उनको भनाई थियो ।



मन्त्री पुनले प्रतिस्पर्धात्मक र गुणस्तरीय काम गर्ने इमान्दार लगानी कर्तालाई भने सरकारले स्वागत गर्ने स्पष्ट गरे । इमान्दार लगानीकर्ता र स्वच्छ लगानीका लागि पारदर्शी तवरले सहजीकरण गर्न तयार रहेको मन्त्री पुनको भनाइ थियो ।

विगतमा बैंक, बीमा कम्पनी र सहकारीमा जनताको लगानी डुब्ने समस्या देखिएपछि सरकारले नियमन गरेको प्रसंग कोट्याउँदै उनले जलविद्युत क्षेत्रमा पनि त्यस्तै मापदण्ड बनाएर खराब लगानी रोक्ने योजनामा मन्त्रालय रहेको जानकारी दिए ।

नेपालमा उत्पादित बिजुलीको अन्तराष्ट्रिय बजार प्रवर्द्धनमा सरकार लागेको भन्दै उनले विद्युत प्राधिकरणलाई मात्र बिजुली बेच्ने मानसिकता त्यागेर बाह्य बजार खोज्ने दिशामा अग्रसर हुन निजी क्षेत्रलाई आग्रह गरे ।

विद्युत क्षेत्रलाई प्रतिस्पर्धी बनाउनुपर्ने निजी क्षेत्रको माग सम्बोधन गरेर सरकारले ल्याएको विद्युत ऐन संसदमा विचाराधीन अवस्थामा रहेको भन्दै मन्त्री पुनले आफ्नै मागअनुसार ल्याइएको ऐनको स्वामित्व लिन आग्रह गरे ।

निजी क्षेत्रलाई हतोत्साहित गर्ने पक्षमा सरकार नरहेको स्पष्ट गर्दै उनले ऐनमा निजी क्षेत्रलाई काम गर्न असहज हुने प्रावधान भए पुनर्विचार गर्न सरकार तयार रहेको बताए ।

कार्यक्रममा योजना आयोगका सदस्य डा. कृष्णप्रसाद ओली, ऊर्जा मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे, विद्युत विकास विभागका महानिर्देशक नवीन सिंह र नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत सेवालाई थप प्रभावकारी, विश्वसनीय र प्रतिस्पर्धी बनाउन भूमिका खेल्न नियमन आयोगलाई आग्रह गरे ।

# घरमै सामाजिक सुरक्षा भत्ता दिँदै तिला गाउँपालिका

**जुम्ला/मस**-लकडाउनका बेला जुम्लाका स्थानीय तहले सामाजिक सुरक्षाभत्ता सेवाग्राहीको घरघरमा पुऱ्याउन थालेका छन् । यसअघि सामाजिक सुरक्षाभत्ता बैंकिङ प्रणालीमार्फत वितरण गर्ने गरिएकामा लकडाउनका कारण सर्वसाधारण वित्तीय संस्थासम्म पुग्न कठिन हुने भएकाले घरघरमै पुऱ्याउन थालिएको हो ।

जिल्लाको तिला गाउँपालिकाले लकडाउनको बेला घरमै सामाजिक सुरक्षाभत्ता वितरण गरेको छ । गाउँपालिकाले स्थानीयका घरघरमै पुगेर सामाजिक सुरक्षाभत्ता वितरण गरिएको हो । गाउँपालिकाले दोस्रो चौमासिक सामाजिक सुरक्षाभत्ता निकासा गरेपछि प्रत्येक वडावासीको घरमा पुगेर वितरण गर्न वडाध्यक्ष र सचिवलाई परिचालन गरेको गाउँपालिका अध्यक्ष रतननाथ योगीले बताए ।

हिमा गाउँपालिकाले पनि सात वडाभित्रका स्थानीयका घरघरमै पुगेर सामाजिक सुरक्षाभत्ता वितरण गरेको प्रमुख प्रशासकीय अधिकृत टोपबहादुर बुढाले बताए । जिल्लाको तातोपानी गाउँपालिकाले १ देखि ६ वडाका स्थानीयवासीको सामाजिक सुरक्षाभत्ता बैंकमार्फत वितरण गरेको छ भने ७ र ८ वडाका स्थानीयको घरघरमै पुगेर वितरण गरेको गाउँपालिका अध्यक्ष नवराज न्यौपानेले बताए ।

गुठीचौर गाउँपालिकाले दुई हजार १९६ जनालाई दोस्रो चौमासिक सामाजिक सुरक्षाभत्ता वितरण गर्न रु एक करोड २६ लाख छ हजार ८०० रकम निकासा भएको जनाएको छ । ३-५ वडाभित्रका स्थानीयवासीलाई बैंकमार्फत सामाजिक सुरक्षाभत्ता वितरण गरेको गाउँपालिकाको सामाजिक सुरक्षा शाखा प्रमुख गोपीचन्द्र प्याकुरेलले बताए । भौगोलिकरूपमा १ र २ वडा टाढा भएकाले घरमै पुगेर सामाजिक सुरक्षाभत्ता वितरण गरेको उनको भनाइ छ । लकडाउन अवधिमा १० हजार ७०८ गृहजिल्ला आएका नागरिकमध्ये ३५६ क्वारेन्टाइनमा बसेका छन् भने ७४७ जना १४ दिनपछि घर फिर्ता भएको जिल्ला प्रशासन कार्यालय जुम्लाले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । पाँच सय छ होम क्वारेन्टाइनमा बसेका छन् । आरटी पिसीआर परीक्षण ३५१ जना गरिएको छ भने र्‍यापिड टेष्ट २२६ को गरिएको जनाएको छ । परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको सहायक प्रमुख जिल्ला अधिकारी ओमप्रकाश देवकोटाले बताए ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाले पिसीआर परीक्षणका लागि २२ जनाको स्वाब सङ्कलन गरेको छ । यसको नतिजा आउन बाँकी रहेको प्रतिष्ठानका रजिष्ट्रार विश्वराज काफ्लेले बताए ।

तिला गाउँपालिका
जुम्ला

# पर्यटन क्षेत्रलाई पुनर्जीवित तुल्याउन १० बर्षे रणनीतिक अवधारणा

**सिबी अधिकारी/रासस**
काठमाडौं, २५ बैशाख

सरकारले कोभिड-१९ बाट प्रभावित बनेको मुलुकको पर्यटन क्षेत्रको पुन:स्थापनाका लागि आगामी आर्थिक वर्षमा पर्यटन दशकसम्बन्धी विशेष कार्यक्रम ल्याउने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले कोभिड-१९ बाट थलिएको पर्यटन क्षेत्रलाई पुर्नजीवित गर्न १० वर्षे रणनीतिक अवधारणा ल्याइने जानकारी दिए । सिंहदरबारमा आज आयोजित कोभिड-१९ पछिको पर्यटन र आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति कार्यक्रममा समेटिने पर्यटन विकासका योजना कार्यक्रमबारे सञ्चारकर्मीसँगको अन्तर्क्रियामा उनले सन् २०२१ देखि २०३० सम्मको अवधिलाई पर्यटन दशकका रूपमा अघि बढाइने बताए ।

उनले पूर्वघोषित नेपाल भ्रमण वर्ष-२०२० कार्यक्रम पनि कोभिड-१९ का कारण स्थगित भइसकेको सन्दर्भमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा १० वर्षे पर्यटन रणनीतिलाई प्राथमिकताका साथ अघि बढाइने बताए ।
"आगामी आवको नीति कार्यक्रममा नेपालको पर्यटनको १० वर्षे रणनीति (सन् २०१६ देखि २०२५ सम्म) कोलाई समेत मध्यनजर दिएर सन् २०२१ देखि २०३० सम्मको अवधिलाई पर्यटन दशकका रूपमा मनाउनेगरी प्रस्ताव अघि बढाएका छौं, यसको विस्तृत कार्यक्रम छिट्टै सार्वजनिक गर्नेछौं", मन्त्री भट्टराईले भने । उनका अनुसार सामान्यत: सन् २०२० 'सर्भाइबल' वर्ष हुनेछ भने सन् २०२१ 'रिभाइबल' र सन् २०२२ देखि पर्यटन सामान्य अवस्थामा फर्कने आँकलनसहित रणनीति बनाइएको छ । यो भनेको सन् २०३० सम्मको अवधिमा कुनै न कुनै विधालाई प्राथमिकता दिएर पर्यटकीय गतिविधि सञ्चालन गरिनेछ ।




पर्वतीय पर्यटन, पर्या पर्यटन, जल पर्यटन, धार्मिक पर्यटन, खेलकुद पर्यटन, स्वास्थ्य पर्यटन र शिक्षा पर्यटनलाई प्रवर्द्धन गर्नेगरी नीति तथा कार्यक्रममा समेटिनेछ । साथै कोभिड-१९ बाट प्रभावित श्रमिक तथा व्यवसायीको हितमा पुन:स्थापनाका प्याकेज ल्याइने जनाइएको छ ।

पर्यटनमन्त्री भट्टराईले अहिले पर्यटन उद्योगका श्रमिकलाई व्यवसायीले निकाल्न नपाउने र उनीहरूलाई सम्बोधन हुनेगरी सरकारले पनि केही सहयोग गर्ने सोच बनाएको भन्दै साझेदारीका साथ अघि बढ्ने बताए । 'लगानीमा साझेदारी, प्रतिफलमा हिस्सेदारी' को अवधारणासहित प्रदेश र स्थानीय तहसँग लगानी पनि साझेदारी गर्ने र प्रतिफललाई पनि बाँडफाँड गर्नेगरी योजना बडाइएको उनले जानकारी दिए । सरकारले प्रदेश तथा स्थानीय तहसँगको साझेदारितालाई बढाउँदै पर्यटन प्रवर्द्धनका लागि सातवटै प्रदेशमा ठूला-ठूला पर्यटकीय गन्तव्यमा लगानी गर्ने भएको छ । उनले सात प्रदेशका ठूला गन्तव्यको पूर्वाधारमा लगानी गर्ने गरी प्रस्ताव गरिएको जानकारी दिए । ती गन्तव्यको छनोट प्रदेश सरकारसँगको सहमतिमा गरिने र निर्माणको काम पनि साझेदारितामा अघि बढ्ने उनको भनाइ छ । त्यसैगरी आगामी वर्षको नीति कार्यक्रममा 'ग्रेट हिमालयन ट्रेल', पदमार्ग, गढी किल्लाको संरक्षण र पर्यटन विकास, सांस्कृतिक पदमार्गको विकास गरिनेछ । साथै लुम्बिनी क्षेत्रको बृहत्तर विकासको निम्ति लुम्बिनी विकास प्राधिकरण स्थापना गरिने पर्यटनमन्त्री भट्टराईले जानकारी दिए । उनका लुम्बिनीस्थित मायादेवी क्षेत्र, रामग्राम, तिलौराकोट, देवदह, कपिलवस्तु, रुपन्देही क्षेत्रमा पर्ने बुद्धसँग सम्बन्धित स्थललाई एकअर्कासँग जोडेर बृहत्तर लुम्बिनी विकासको अवधारणा अघि बढाइनेछ ।

उक्त प्राधिकरणमार्फत पूर्वाधारमा लगानी गर्न सार्वजनिक साझेदारी रणनीतिका साथ विदेशी लगानीलाई समेत उपयोग गर्ने गरी अघि बढ्ने छ । नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवा प्रदायकको रूपमा सङ्गठन पुन:संरचनाको कामलाई पछि छिट्टै पूर्णता दिइने जनाइएको छ ।

# वैशाखमा भन्सार कार्यालयमा राजश्व संकलन शून्य




**नवलपरासी/मस**-नवलपरासी(बर्दघाट-सुस्ता पश्चिम)को एक मात्र महेशपुर भन्सार कार्यालयमा लकडाउनका कारण राजश्व संकलन प्रभावित भएको छ । चालु आर्थिक वर्षको वैशाखको हालसम्म राजश्व संकलन शून्य रहेको महेशपुर भन्सार कार्यालयका प्रमुख हेमराज शर्माले जानकारी दिए ।

लकडाउन शुरु भएदेखि नै राजश्व संकलन प्रभावित बनेको छ । जिल्ला प्रशासन कार्यालयले भन्सार कार्यालयलाई महेशपुर नाकाबाट भित्रिने सामग्रीको भन्सार महशुस संकलन नगर्ने आदेश गरेपछि राजश्व संकलन प्रभावित भएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार विसं २०७६ चैतमा बन्दाबन्दीअघि रु ८८ लाख र बन्दाबन्दीपछि जम्मा रु सात लाख मात्र राजश्व संकलन भएको देखिन्छ ।

प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले कोरोना संक्रमणको असज परिस्थितिलाई ध्यानमा राखी सो नाकाबाट सकभर सामग्री भित्रिन नदिइएको बताए । चालु आर्थिक वर्ष २०७६/०७७ मा कुल रु १५ करोड राजश्व संकलन गर्ने लक्ष्य भए पनि हालसम्म रु ११ करोड १८ लाख राजश्व मात्र संकलन भएको छ ।

यस्तै बन्दाबन्दीका कारण पश्चिम नवलपरासीमा अधिकांश उद्योग कलकारखाना प्रभावित भएका छन् । कामदार र आवश्यक कच्चा पदार्थको अभावमा उद्योगधन्दा प्रभावित भएका हुन् । जिल्लामा साना, मम्झौला र ठूला उद्योग गरी सबै प्रकारका उद्योगधन्दा बन्द हुँदा व्यवसायी मारमा परेको उद्योग वाणिज्य संघ पश्चिम नवलपरासीले जनाएको छ ।

जिल्लामा बन्दाबन्दीबाट निजी क्षेत्र पनि निकै प्रभावित बनेको छ । सरकारले निजी क्षेत्रलाई बैंकको व्याज छुटलगायत विशेष प्याकेज व्यवस्थापन गर्नुपर्ने संघका अध्यक्ष केशवप्रसाद भण्डारी बताउनुहुन्छ । जिल्लामा खाद्यान्नबाहेक अन्य सिमेन्ट र स्टिल उद्योग केही सीमित सञ्चालनमा रहे पनि त्यसबाहेकका अधिकांश उद्योग बन्द छन् । पश्चिम नवलपरासीमा सात ठला, ३६ मम्झौला र ८० घरेलु तथा साना उद्योग व्यवसाय छन् ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितमा जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
गोरखापत्र संस्थान
धर्मपथ, न्युरोड, काठमाडौं, फोन नं. ०१-४२२७४९३, ४२३१३९४

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ